# त्रिभुवन विश्वविद्यालय

## उच्च शिक्षा उपाधिको मान्यता तथा समकक्षता निर्धारण कार्यविधि, २०७८

**प्रस्तावना:** त्रिभुवन विश्वविद्यालय पाठ्यक्रम विकास केन्द्र, उपाधि मान्यता तथा समकक्षता निर्धारण समितिले स्वदेशी तथा विदेशी विश्वविद्यालय तथा शैक्षिक संस्थाहरूको उपाधि मान्यता तथा समकक्षता निर्धारण गर्ने प्रक्रियालाई व्यवस्थित गर्न आवश्यक भएकाले त्रिभुवन विश्वविद्यालय संगठन तथा शैक्षिक प्रशासन सम्वन्धी नियम २०५० को नियम १३३ दिएको अधिकार प्रयोग गरी कार्यकारी परिषद्ले देहाय वमोजिमको कार्यविधि, २०७८ वनाएको छ ।

### परिच्छेद- १

### प्रारम्भिक

**१.<u>संक्षिप्त नाम र प्रारम्भ</u> :** (१) यी कार्यविधिको नाम उच्च शिक्षा उपाधिको मान्यता तथा समकक्षता निर्धारण कार्यविधि २०७८ रहेको छ । यसलाई संक्षिप्तमा समकक्षता निर्धारण कार्यविधि भनिनेछ ।

(२) यो कार्यविधि तुरून्त लागू हुनेछ ।

**२.परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा:

(क) **"प्राज्ञिक परिषद"** भन्नाले त्रिभुवन विश्वविद्यालय प्राज्ञिक परिषद् सम्झनुपर्छ ।

(ख) **"कार्यकारी परिषद्"** भन्नाले त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद् सम्झनुपर्छ ।

(ग) **"समिति"** भन्नाले उपाधि मान्यता तथा समकक्षता निर्धारण समिति सम्झनुपर्छ ।

(घ) **"केन्द्र"** भन्नाले पाठ्यक्रम विकास केन्द्र सम्झनुपर्छ ।

(ङ) **"अध्ययन संस्थान तथा संकाय"** भन्नाले त्रिभुवन विश्वविद्यालय अन्तर्गतका विभिन्न अध्ययन संस्थान तथा संकाय सम्झनुपर्छ ।

(च) **"समकक्षता तथा श्रेणी निर्धारण सुझाव समिति"** भन्नाले परिच्छेद ४ को शैक्षिक उपाधि समकक्षता तथा श्रेणी निर्धारण सुझाव समिति भन्ने सम्झनुपर्छ ।

(छ) **"मान्यता"** भन्नाले स्वदेशी वा विदेशी विश्वविद्यालय वा शैक्षिक संस्थाले प्रदान गर्ने शैक्षिक उपाधिलाई त्रिभुवन विश्वविद्यालयले दिने मान्यतालाई सम्झनु पर्दछ ।

(ज) **"समकक्षता"** भन्नाले स्वदेशी वा विदेशी विश्वविद्यालय वा शैक्षिक संस्थाको उपाधिलाई त्रिभुवन विश्वविद्यालय अर्न्तगत सञ्चालित रहेका शैक्षिक कार्यक्रमहरूको उपाधि सरह गरिने समकक्षतालाई सम्झनु पर्दछ ।

(झ) **"सशर्त मान्यता वा समकक्षता"** भन्नाले कुनै विश्वविध्यालयको नियमित कार्यक्रमको अवधिसंग नमिल्ने वा मिलेपनि पाठ्यभारमा अधिक असमानता भएको तथा नियमित भन्दा बाहेक कार्यक्रमको उपाधिलाई दिइने मान्यता वा समकक्षता सम्झनु पर्दछ ।

(ञ) **"कार्यकारी निर्देशक"** भन्नाले पाठ्यक्रम विकास केन्द्र त्रिभुवन विश्वविद्यालय पाठ्यक्रम विकास केन्द्रका कार्यकारी निर्देशकलाई सम्झनु पर्दछ ।

(ट) **"केडिट"** भन्नाले कुनै विश्वविद्यालय वा शैक्षिक संस्थाले कुनै विषयमा गर्नुपर्ने न्युनतम शैक्षिक क्रियाकलापलाई संकेत गर्ने पाठ्यांश बुझाउने अंकमानलाई सम्झनु पर्दछ ।

त्रि.वि.सभा तथा कार्यकारी परिषद्को सचिवालय

(ठ) **"क्रेडिट स्थानान्तरण"** भन्नाले स्वदेशी वा विदेशी विश्वविद्यालय वा कुनै एक शैक्षिक संस्था वा कार्यक्रममा आर्जित गरेको क्रेडिट सोही तहको अर्को विषय वा कार्यक्रममा स्थानान्तरण गरेको भन्ने बुझाउने छ ।

(ड) **"एकिकृत उपाधि"** भन्नाले दुबै तहको पाठ्यांश अध्ययन गरी हासिल गरेको माथिल्लो तहको उपाधिलाई बुझाउने छ ।

(ढ) **"द्वैध उपाधि"** भन्नाले कुनै खास तहमा केही अतिरिक्त पाठयक्रम अध्ययन गरेको आधारमा प्रदान गरिने दुइवटा उपाधिलाई बुझाउने छ ।

(ण) **"साधारण विधि"** भन्नाले पहिलो पटक विशेष विधि अपनाई कुनै उपाधिको मान्यता वा समकक्षता दिईसकेको संस्थाको सोही उपाधिको समकक्षताको लागि अपनाइने नियमित तरिकालाई बुझाउनेछ ।

(त) **"विशेष विधि"** भन्नाले कुनै विश्वविद्यालय वा शैक्षिक संस्थाले प्रदान गरेको उपाधिको मान्यता वा समकक्षताको लागि पहिलो पटक अपनाइने विशिष्ठ तरिकालाई बुझाउने छ । यसले मान्यता वा समकक्षताको सिलसिलामा सम्बन्धित डीन कार्यालयको राय लिई समितिले निर्णय गर्ने प्रकृयालाई समेत जनाउनेछ ।

(थ) **"श्रेणी निर्धारण"** भन्नाले शैक्षिक उपाधिको मुल्याङ्कन विभिन्न तरिकाले गरेको भएपनि समग्रमा श्रेणी नखुलेकोमा श्रेणी निर्धारण गर्ने कार्यलाई बुझाउने छ ।

(द) **"तोकिए बमोजिम"** भन्नाले यस कार्यविधि वमोजिम तोकिएको उपाधि मान्यता तथा समकक्षता निर्धारण समितिले कार्यविधिमा उल्लेख भए वमोजिम गर्नुपर्ने भनि तोकिएको कुराहरूलाई सम्झनु पर्दछ ।

## परिच्छेद- २

## उपाधि मान्यता तथा समकक्षता निर्धारण कार्यविधि

३. **मान्यता तथा समकक्षताको लागि निवेदन दिनुपर्ने:** (१) त्रिभुवन विश्वविद्यालय बाहेक स्वदेशी तथा विदेशी विश्वविद्यालय तथा विश्वविद्यालय सरहको मान्यता प्राप्त शैक्षिक संस्थाबाट शैक्षिक प्रमाणपत्र प्राप्त गरेका तथा सम्बन्धित देशको अख्तियार प्राप्त नियमन निकायको स्वीकृती लिई सञ्चालित विश्वविद्यालय तथा विश्वविद्यालय सरहको मान्यता प्राप्त शैक्षिक संस्थाहरूबाट उपाधि लिईमान्यता वा समकक्षताको लागि निवेदन दिएका निवेदकका प्रमाणपत्रलाई यस कार्यविधि बमोजिम नियमित तथा विशेष विधिबाट मान्यता वा समकक्षता प्रदान गरिनेछ ।

(२) मान्यता वा समकक्षताका लागि साधारण वा नियमित विधि अन्तरगत अनुसूचि-१ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ । निवेदन अनलाइन वा कार्यालयमा उपस्थित भई समेत दिन सक्ने गरी सूचना प्रकाशित गरे बमोजिम हुनेछ । निवेदनसाथ देहाय वमोजिमका कागज संलग्न गर्नुपर्नेछ ।

(क) मान्यता वा समकक्षता माग गरिएको तह र सो भन्दा तल्लो तहको सम्बन्धित विश्वविद्यालय वा शिक्षण संस्थाले जारी गरेको शैक्षिक तह उत्तीर्ण गरेको मूल प्रमाणपत्र (Graduation Certificate) वा दिक्षान्त समारोह नभएको अवस्थामा ५ वर्ष अवधिसम्मको अस्थायी प्रमाणपत्र, ट्रान्सक्रिप्ट, वा ट्रान्सक्रिप्ट जारी नगर्ने विश्वविद्यालयको हकमा मार्कसिट र प्रमाणपत्र वा चारित्रिक प्रमाणपत्रको प्रतिलिपि । तर खुला तथा दुर शिक्षाको उपाधिको हकमा सम्बन्धित परीक्षा केन्द्र एवं विश्वविद्यालयको आधिकारिक पत्र समेत पेश गर्नुपर्नेछ ।

त्रि.वि.सभा तथा कार्यकारी परिषद्को सचिवालय

(ख) मान्यता वा समकक्षता माग गरिएको तहभन्दा तल्लो तहको उपाधि अन्य विश्वविद्यालय वा शिक्षण संस्थाबाट प्राप्त गरेको भएमा सो उपाधिको त्रि.वि. वाट प्रदान गरिएको समकक्षता पत्रको प्रतिलिपि ।

(ग) प्रमाणपत्रहरू नेपाली वा अंग्रेजी भाषामा नभए उक्त प्रमाणपत्रहरू अधिकार प्राप्त निकाय वा व्यक्तिबाट अंग्रेजी भाषामा अनुवाद गरिएको प्रमाणित प्रतिलिपिहरू ।

(घ) भारत बाहेक अन्य मुलुकबाट अध्ययन गरेको भए राहदानी तथा भिसा वा बसोबास अनुमति पत्र (Resident Permit) को प्रतिलिपिहरू ।

(ङ) केडिट स्थानान्तरण गरी उपाधि प्राप्त गरेको अवस्थामा केडिट आर्जन गरेको र स्थानान्तरण गरेको स्पष्ट देखिने कागजात ।

(च) पाठ्यक्रम विकास केन्द्र, कीर्तिपुरको नाममा निवेदन दस्तुर बुझाएको बैंक भौचर वा अनलाइन भुक्तानि ।

(छ) अध्ययन अवधि र क्रेडिट आवर खुलेको प्रमाणपत्रका प्रतिलिपिहरू । अध्ययन अवधि र क्रेडिट आवर नखुलेको अवस्थामा सम्बन्धित विश्वविद्यालय तथा शैक्षिक संस्थाबाट अध्ययन अवधि र क्रेडिट आवर खुलाई जारीगरिएको आधिकारिक कागजातहरू ।

(ज) प्रयोगात्मक कार्य हुने विषयहरूको हकमा पाठ्यक्रममा उल्लेख भए वमोजिमको प्रयोगात्मक कार्य गरेको आधिकारिक प्रमाणको प्रतिलिपि ।

४. उपाधि हासिल गरेको व्यक्तिले मान्यता वा समकक्षताको लागि निवेदन दिदासम्म यस केन्द्रबाट मान्यता तथा समकक्षता प्रदान नभएका विभिन्न विश्वविद्यालयका शैक्षिक उपाधिको मान्यता वा समकक्षता गराउनुपर्दा विशेष विधि अन्तरगत देहाय अनुसारका कागजातहरू पेश गर्नुपर्नेछ:

(क) अनुसूचि-१ बमोजिम तोकिएको ढाँचामा निवेदन दिनुपर्नेछ । यस्तो निवेदनको अनलाइन वा भौतिक माध्यमका वारेमा केन्द्रले सूचित गरे बमोजिम हुनेछ ।

(ख) मान्यता वा समकक्षता माग गरिएको तह र सो भन्दा तल्लो तह उत्तीर्ण गरेको प्रमाणपत्रहरू, मूल प्रमाणपत्र वा दिक्षित नभएको अवस्थामा बढीमा ५ वर्ष अवधिसम्मको अस्थायी प्रमाणपत्र, ट्रान्सक्रिप्ट वा ट्रान्सक्रिप्ट जारी नगर्ने संस्थाको हकमा मार्कसिट र प्रमाणपत्र वा चारित्रिक प्रमाणपत्र ।

(ग) मान्यता वा समकक्षता माग गरिएको उपाधि भन्दा तल्लो तहको उपाधि अन्य विश्वविद्यालय वा शिक्षण संस्थाको भएमा सो उपाधिको त्रिभुवन विश्वविद्यालयवाट प्रदान गरिएको समकक्षता पत्रको प्रतिलिपि ।

(घ) विश्वविद्यालय तथा शैक्षिक संस्थालाई सम्बन्धित देशको विश्वविद्यालय अनुदान आयोग (UGC) वा अख्तियार प्राप्त नियमन निकायबाट स्वीकृती प्रदान गरिएको पत्रको प्रतिलिपि ।

(ङ) विश्वविद्यालय तथा शैक्षिक संस्थाको परिचय पुस्तिका ।

(च) अध्ययन गरेको तहको आधिकारिक पाठ्यक्रम (Course of Study / Syllabus) ।

(छ) शोधपत्र वा परियोजना प्रतिवेदन वा प्रयोगात्मक प्रतिवेदन र त्यसको विधुतिय प्रति ।

(ज) भारत बाहेक अन्यत्र देशमा अध्ययन गरेको भए राहदानी तथा भिसा वा अस्थायी/स्थायी बसोवास अनुमति पत्रको प्रतिलिपि ।

(झ) त्रिभुवन विश्वविद्यालय पाठ्यक्रम विकास केन्द्रको नाममा दस्तुर बुझाएको बैंक भौचर वा विद्युतिय भुक्तानिको प्रमाण ।

त्रि.वि. सभा तथा कार्यकारी परिषद्को सचिवालय

(ञ) यस दफा ४ अन्तर्गत निवेदकले पेश गरेको निवेदन र आवश्यक कागजात सम्बन्धित डीन कार्यालयमा रायको लागि पठाइने छ र सोको राय प्राप्त भएपछि समितिले उपयुक्त निर्णय गर्नेछ ।

## परिच्छेद -३

## मान्यता तथा समकक्षता सम्बन्धमा थप व्यवस्था

५. मान्यता तथा समकक्षता सम्बन्धमा थप व्यवस्था : (क) मान्यता तथा समकक्षता निर्धारण गर्दा सम्बन्धित अध्ययन संस्थान/संकायका न्यूनतम तहगत आधारहरू, प्रवेश योग्यता, अध्ययन अवधि/क्रेडिट आवर र पाठ्यभार अवलम्बन गरिनेछ । प्रवेश योग्यता, अध्ययन अवधि वा क्रेडिट आवर, पाठ्यभार त्रिभुवन विश्वविद्यालयका सम्बन्धित अध्ययन संस्थान/संकायले तोके बमोजिम हुनेछ ।

(ख) ५(क) मा उल्लेख भए वमोजिमका आधारमा अध्ययन संस्थान, संकायले निर्धारण गरेको पाठ्यभार र क्रेडिट आवर पुगेको अवस्थामा विषय वा शिर्षक तोकी समकक्षता दिन सकिनेछ तर तोकिए वमोजिम नभएको अवस्थामा तह वा सम्वन्धित विषय भनी मान्यता दिन सकिनेछ ।

(ग) विश्वविद्यालयवाट जारी भएका शैक्षिक प्रमाणपत्रको मात्र मान्यता तथा समकक्षता निर्धारण गरिनेछ । तर विश्वविद्यालय सरह मान्यता भएका स्वायत्त संस्था वा कलेजले जारी गरेका प्रमाणपत्रलाई मान्यता दिन यो व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।

(घ) प्रमाणपत्र, Transcript / Marksheet मा उपाधि उल्लेख भएको हुनुपर्नेछ ।

(ङ) चिकित्साशास्त्र अन्तर्गत स्नातकोत्तर तहमा अध्ययन पुरा गर्नेहरूको हकमा सम्बन्धित विभागमा Internship गरेको प्रमाण पेश गर्नुपर्नेछ ।

(च) विद्यार्थीले अध्ययन अवधिभर सम्बन्धित संस्थामै बिताएको प्रमाण (Valid visa, Entry-exit proof) आदि पेश गर्नुपर्नेछ ।

(छ) शैक्षिक उपाधि प्रदान गर्ने संस्था उपाधि प्रदान गर्दाको अवस्थामा मान्यता प्राप्त विश्वविद्यालय, शिक्षण संस्था, प्रतिष्ठान वा बोर्ड हुनुपर्नेछ । केडिट स्थानान्तरण गरेको भए सो संस्था समेत शैक्षिक उपाधिको लागि केडिट प्रदान गर्न मान्यता प्राप्त हुनुपर्नेछ ।

(ज) शैक्षिक प्रमाणपत्रको आधिकारिकतामा शंका लागेमा प्रमाणपत्र प्रमाणिकरणको लागि सम्बन्धित शैक्षिक संस्था वा विश्वविद्यालयमा पत्राचार गरी सोको आधिकारिकता माग गर्न वा सम्वन्धित संस्था वा विश्वविद्यालयमा प्रतिनिधि खटाई आधिकारिकता वुझ्न सकिनेछ । आधिकारिताको एकिन भएपछि मात्रै मान्यता वा समकक्षता प्रदान गरिनेछ ।

(झ) इन्जिनियरिङ्ग विषयमा डिप्लोमा गरी Lateral entry बाट तीन वर्षे Bachelor of Engineering अध्ययन गरेकाहरूको हकमा त्रिभुवन विश्वविद्यालय इन्जिनियरिंग अध्ययन संस्थानले तोकेको कार्यविधि बमोजिम हुनेछ ।

(ञ) चिकित्साशास्त्र अन्तर्गत Clinical विषयको शोधपत्र मानव विषयमा गरिएको हुनुपर्नेछ साथै संस्थासंग आवद्ध अस्पताल, अध्ययनरत संस्थामा वा सो संस्थाले सिफारिस गरिएको संस्थामा गरिएको हुनुपर्दछ ।

त्रि.वि. सभा तथा कार्यकारी परिषद्को सचिवालय

**६. देहाय बमोजिमका उपाधि वा प्रमाणपत्रको समकक्षता वा मान्यता दिइने छैन ।**

(क) पेशा तथा व्यवसायिक प्रयोजनका तालिमको उपाधि,

(ख) पेशागत क्षमता अभिबृद्धि गर्न संचालित कार्यक्रमबाट प्रदान गरिएका उपाधि,

(ग) विश्वविद्यालय वा शैक्षिक उपाधि प्रदान गर्ने संस्था, प्रतिष्ठान वा बोर्ड बाहेक अस्पताल, तालिम केन्द्र तथा पेशागत वा व्यवसायिक समाज वा संस्था आदिले प्रदान गर्ने तालिम, व्यवसायिक प्रशिक्षण, अनौपचारिक सिकाईका प्रमाणपत्र वा उपाधि । तर उल्लेखित तरिकाबाट आर्जन गरेको केडिट कुनै मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक उपाधि प्रदान गर्ने संस्था,प्रतिष्ठान वा बोर्डले केडिट स्वीकार गरि नियमित कार्यक्रमको उपाधि प्रदान गरेको भए सो उपाधिको समकक्षता वा मान्यता प्रदान गर्न यो व्यवस्थाले बाधा पुर्‍याएको मानिने छैन ।

**७. विद्यावारिधि तथा एम.फिल तहको समकक्षताको लागि अपनाईने कार्यविधि अन्तर्गत उल्लेखित विषयका अतिरिक्त निम्न बमोजिम हुनुपर्नेछ ।**

क) विद्यावारिधि तथा एमफिल तहको समकक्षताका लागि अनुसूची-२ मा उल्लेखित थप कागजातहरू पेश गर्नुपर्नेछ ।

ख) विश्वविद्यालयमा अनुसन्धान प्रस्ताव दर्ता गराएर न्यूनतम ३ वर्षमा विद्यावारिधि गरेको हुनुपर्नेछ । विद्यावारिधि तथा एम.फिल तहको शोधपत्रको मौलिकता परिक्षण गरी (Plagiarism test) निर्धारित सीमा ननाघेको हुनुपर्नेछ ।

(ग) विद्यावारिधि तहको तोकिएको शोध निर्देशक र सह निर्देशक हुने व्यक्तिको योग्यता अनिवार्य विद्यावारिधि हुनुपर्नेछ ।

(घ) विद्यावारिधि तथा एमफिल तहको समकक्षता माग गर्दा आधिकारिक शोधपत्र, सोको विद्युतिय प्रति, सम्बन्धित विश्वविद्यालयबाट परिक्षण गरिएको मौलिकता परिक्षण प्रतिवेदन एवम् केन्द्रबाट तोकिए बमोजिमको मौलिकता परिक्षण शुल्क जम्मा गर्नुपर्नेछ ।

(ङ) शोधपत्रको शिर्षक र उपाधिको प्रमाणपत्रमा उल्लेखित शिर्षक मिलेको हुनुपर्नेछ ।

(च) सम्बन्धित निकायले निर्धारण गरे अनुसार Index, Peer reviewed, Impact factor/Journal मा विद्यावारिधि कार्य सम्बन्धी लेख प्रकाशित गरेको हुनुपर्नेछ । उक्त लेख शोधपत्रसाथ पेश गर्नुपर्नेछ ।

(छ) चिकित्साशास्त्र अन्तर्गत Super Speciality अध्ययन गर्नका लागि सम्बन्धित विषयमा स्नातकोत्तर तह अध्ययन गरे पश्चात मात्र अध्ययन गरेको हुनुपर्नेछ ।

(ज) यस कार्यविधि बमोजिमका निवेदन उपर कारबाही भएर दिईने मान्यता वा समकक्षताको प्रमाणपत्रको ढाँचा उपाधि मान्यता तथा समकक्षता निर्धारण समितिले स्वीकृत गरे अनुसार हुनेछ ।

(झ) विद्यावारिधी तथा एम.फिल तहको शोधपत्र एकल लेखन भएको हुनुपर्नेछ ।

८. **समकक्षता तथा मान्यता प्रदान नगर्ने अवस्था:** देहायको अवस्थामा कुनै उपाधिको मान्यता वा समकक्षता प्रदान गरिने छैन ।

(क) आवेदनसाथ पेश गरेका कागजात अपुरो भएमा वा झुट्टा ब्यहोरा खडा गरी पेश गरेकोमा सोको निर्णय वा प्रमाणिकरण नभएसम्म,

त्रि.वि.सभा तथा कार्यकारी परिषद्को सचिवालय

(ख) विद्यावारिधि तथा एमफिल तहको शोधपत्रको मौलिकता परिक्षण स्तर निर्धारित सीमाभन्दा बढी भएमा,

(ग) विद्यावारिधि तथा एमफिल तहको मुल प्रमाणपत्र पेश नभएमा,

(घ) आधिकारिकता पुष्टी नहुने वा उपयुक्त पदाधिकारीले प्रमाणिकरण गरेका प्रमाणपत्र पेश नभएमा ।

(ङ) केडिट स्थानान्तरण गरि उपाधि लिएकोमा ५०% भन्दा वढि केडिट स्थानान्तरण गरि उपाधि लिएको भएमा ।

## परिच्छेद - ४

## समकक्षता तथा श्रेणी निर्धारण सुझाव समिति सम्बन्धी ब्यवस्था

९. **समकक्षता तथा श्रेणी निर्धारण सुझाव समिति गठनः** (१) त्रि.वि.बाहेकका शैक्षिक उपाधिको मान्यता वा समकक्षता तथा श्रेणी निर्धारण गरी वा सो सम्बन्धी देखिएका विबादवारे राय लिन आवश्यक भएमा शिक्षाध्यक्षबाट तीन सदस्यीय एक समिति गठन गरिनेछ ।

(२) समितिले बैठकमा दुई जनासम्म विज्ञलाई आमन्त्रण गर्न सक्नेछ । यस समितिको बैठक भत्ता तथा खाजा खर्च उपाधि मान्यता तथा समकक्षता निर्धारण समिति सरह हुनेछ ।

## परिच्छेद- ५

## विविध किसिमका उपाधिको मान्यता तथा समकक्षता सम्बन्धी ब्यवस्था

१०. **विविध किसिमका उपाधिको मान्यता तथा समकक्षता अन्तर्गत निम्न किसिमका उपाधि मान्यता तथा समकक्षता पर्दछन् । जसलाई मान्यता तथा समकक्षता प्रदान गर्ने विधि र प्रक्रिया देहाय वमोजिम हुनेछः**

**क. खुल्ला तथा दुर शिक्षाको उपाधिको समकक्षताः**

१. विज्ञान तथा प्रविधि, इन्जिनियरिंग, चिकित्सा, वन, कृषि, सूचना प्रविधि जस्ता प्राविधिक विषयमा खुल्ला तथा दुर शिक्षाको माध्यम (Open and Distance Mode), अनलाइन, प्राइभेटवाट हासिल गरेको उपाधिलाई मान्यता तथा समकक्षता प्रदान गरिनेछैन ।

२. प्राविधिक विषय बाहेक सम्वन्धित विश्वविद्यालयको क्षेत्राधिकार भित्रको स्वीकृत संस्था वा केन्द्रमा भर्ना भई उपाधि हासिल गरेको साधारण विषयहरूको मान्यता तथा समकक्षता दिन सकिनेछ । यस्ता उपाधिको समकक्षता वा मान्यता माग गर्दा बैध एवं क्षेत्राधिकारभित्रको अध्ययन केन्द्रको शिफारिश पत्र पेश गर्नुपर्नेछ ।

३. खुल्ला तथा दुर शिक्षा सिकाईको तरिकावाट प्रदान गरिएको दर्शनाचार्य तथा विद्यावारिधि उपाधिको मान्यता तथा समकक्षता गरिनेछैन ।

तर खुला तथा दूरशिक्षा संचालन गर्ने खास स्थापित विश्वविद्यालय वा शैक्षिक संस्थाले विश्वविद्यालयको क्षेत्राधिकार भित्रको स्वीकृत अध्ययन केन्द्रमा भर्ना भई विषय प्रकृति अनुरूप प्रयोगात्मक कार्यहरू समेत गरी उपाधि प्रदान गरेको भएमा प्राविधिक विषयमा समेत मान्यता प्रदान गर्न बाधा पारेको मानिने छैन । यसको लागि निवेदकले आवश्यक प्रमाणिक कागजात निवेदन साथ संलग्न गर्नुपर्नेछ । त्यस्तो मान्यता तथा समकक्षता पत्रमा खुला तथा दूरशिक्षाको मान्यता भनेर उल्लेख गरिनेछ ।

त्रि.वि.सभा तथा कार्यकारी परिषद्को सचिवालय

**११. अन्तर विषयक समकक्षता र मान्यता सम्बन्धमा:**

१. एक संकाय वा अध्ययन संस्थानको एउटा विषयमा अध्ययन गर्ने विद्यार्थीले सोही संकाय वा अध्ययन संस्थानको अर्को विषयमा माथिल्लो तहको उपाधि हासिल गरी आएमा प्रवेश योग्यता (Entry requirement) नमिलेको कारण समकक्षता वा मान्यता रोकिने छैन ।

२. चिकित्साशास्त्र अध्ययन संस्थानतर्फ अध्ययन गर्ने विद्यार्थीले विज्ञानतर्फका विषय अध्ययन गरी उपाधि हासिल गरी आएमा र विज्ञानतर्फका विद्यार्थीले कृषि, वन, चिकित्सा, व्यवस्थापन, मानविकी र इन्जिनियरिङ्ग विषयहरू अध्ययन गरी उपाधि लिएमा प्रवेश योग्यता नमिलेको आधारमा मान्यता वा समकक्षता दिन बाधा पर्नेछैन ।

**१२. सशर्त समकक्षता वा मान्यता** (Conditional Equivalence or Recognition) **सम्बन्धमा**

क. खुला तथा दुर शिक्षाको माध्यम (Open and Distance mode), private, online) माध्यमबाट अध्ययन गरेको उपाधि वा तोकिएका अध्ययन अवधि भन्दा कम अवधिको उपाधिलाई सशर्त मान्यता प्रदान गरिनेछ । त्यस्तो सशर्त मान्यता पत्रमा नै खुला तथा दुर शिक्षा, अनलाइन, प्राइभेट वा अध्ययन अवधि उल्लेख गरी तहको मात्र मान्यता रहेको लेखिनेछ ।

ख. Credit Hour मिलेको तर अध्ययन अवधि कम भएको अवस्थामा अध्ययन अवधि समेत खोलेर मान्यता तथा समकक्षता प्रदान गरिनेछ ।

**१३. एकिकृत तथा द्वैध उपाधि (Integrated and Dual Degree) सम्बन्धमा:** सम्बन्धित अध्ययन संस्थान वा संकाय अन्तर्गतको स्नातक, स्नातकोत्तर र विद्यावारिधीको लागि तोकेको पाठ्यांश, अवधि वा क्रेडिट आवर र परिक्षा प्रणालीको मापदण्डभित्र पर्ने गरी कुनै नेपाली नागरिकले विदेशी विश्वविद्यालयबाट प्रवेशिका पछिको स्नातक, प्रवीणता प्रमाणपत्र तहपछिको स्नातकोत्तर र स्नातक पछिको विद्यावारिधीको उपाधि प्राप्त गरी समकक्षताको माग गरेमा आवश्यक प्रक्रिया अपनाई समकक्षता दिन सकिनेछ । त्यसैगरी कसैले कुनै तहमा अध्ययन गर्दा केही थप क्रेडिट लिई दोहोरो उपाधिको समकक्षता वा मान्यताको माग गरेमा पनि आवश्यक प्रक्रिया अपनाई क्रेडिट पुगेको अवस्थामा दोहोरो उपाधिको समकक्षता वा मान्यता प्रदान गर्न सकिनेछ ।

**१४. अध्ययन अवधि, मुख्य विषय तथा क्रेडिट आवर सम्बन्धमा**

क. समकक्षताको लागि त्रिभुवन विश्वविद्यालयको सम्बन्धित विषयको कम्तीमा ७५% core विषयवस्तु अध्ययन गरेको र अध्ययन अवधि मिलेको हुनुपर्नेछ । यसरी सम्बन्धित विषयको कम्तीमा ७५% core विषय अध्ययन गरेको र प्रवेश योग्यता मिलेको अवस्थामा विषय खोलेर समकक्षता प्रदान गरिनेछ ।

ख. त्रिभुवन विश्वविद्यालयको सम्बन्धित विषयको कम्तीमा ५०% core विषय मिलेको र क्रेडिट आवर ७५% सम्म भएको हकमा अध्ययन अवधि कम भएको वा प्रवेश योग्यता नमिलेता पनि सम्बन्धित विषयमा (Relevant Subject) उल्लेख गरी मान्यता दिइनेछ ।

ग. त्रिभुवन विश्वविद्यालयको सम्बन्धित विषयको कम्तीमा ५०% core विषय पनि नमिलेको अवस्थामा वा क्रेडिट आवर ७५% भन्दा कम भएको र अध्ययन अवधि समेत कम भएका उपाधिको हकमा तहमात्र खोलि मान्यता दिइनेछ ।

त्रि.वि.सभा तथा कार्यकारी परिषद्को सचिवालय

## परिच्छेद- ६

## विविध

१५. **प्रमाणपत्र आधिकारिक ढाँचामा प्रमाणिकरण भएको हुनुपर्ने:** समकक्षता एवं मान्यताको लागि पेश गरिने तोकिए बमोजिमका प्रमाणपत्र प्रमाणिक हुनुपर्नेछ । त्यस्ता प्रमाणपत्रमा विश्वविद्यालय वा शिक्षण संस्थाका शैक्षिक हैसियत देखिने पदाधिकारीले आधिकारिक ढाँचाको प्रमाणपत्रलाई प्रमाणिकरण गरेको हुनुपर्नेछ, अन्यथा त्यस्ता प्रमाणपत्रलाई मान्यता दिइने छैन । पेश भएको प्रमाणपत्रमा शंका लागेमा थप कागजात माग गर्ने र सम्बद्ध निकायमा प्रमाणिकरणका लागि पठाउन सकिनेछ । आधारभुत कागजात बिना समकक्षता वा मान्यता पत्र दिइने छैन ।

१६. **कार्यविधिले मान्यता तथा समकक्षताको हकमा असर नपार्ने:** कसैले कुनै शैक्षिक उपाधि प्राप्त गरी मान्यता वा समकक्षता लिन जहिलेसुकै आए पनि उपाधि प्राप्त गर्दाको कानुन, मान्यता तथा समकक्षता सम्बन्धी नियमको आधारमा निर्णय गर्नुपर्नेछ । समकक्षताका लागि पेश गरिएका निवेदनमाथि निर्णय गर्दा कार्यविधिगत र सारवान विषयलाई अलग रूपमा हेरिनेछ । कुनै पनि उपाधिको अध्ययन अवधि, पाठ्यभार, सम्बन्धित देशमा उपाधिको शैक्षिक तथा बैधानिक हैसियतलाई उल्लेखित आधारमा नै लिनुपर्नेछ ।

१७. **सरकारी मान्यता विना समकक्षता नहुने:** कुनै पनि देशमा सञ्चालित शैक्षिक संस्थाले अर्को देशको विश्वविद्यालय वा शैक्षिक संस्थाको सम्बन्धनमा कार्यक्रम सञ्चालन गरेको भए संस्था सञ्चालन भएको देशको सरकार वा नियमन निकायको स्वीकृति प्राप्त गरेको हुनुपर्नेछ । यस किसिमको स्वीकृति सम्बन्धित निवेदकको अध्ययन अवधिसम्म कायम रहेको हुनुपर्नेछ । कसैले प्राप्त गरेको उपाधि विश्वविद्यालय संगठित रहेको वा उपाधि हासिल गरेको देशमा नै मान्य नहुने अवस्था भएमा मान्यता तथा समकक्षता प्रदान गरिने छैन । साथै त्यस्तो उपाधिको मान्यता तथा समकक्षता दिइएको भएपनि बदरयोग्य हुनेछ ।

१८. **शुल्क निर्धारण:** संस्थागत मान्यता तथा समकक्षता बाहेकको यस केन्द्रबाट सम्पादन हुने विशेष र सामान्य कार्यविधि अन्तर्गतको समकक्षता एवं मान्यता तथा अन्य विभिन्न कामका लागि कार्यकारी परिषदबाट निर्धारण भए बमोजिमको शुल्क लाग्नेछ । सो शुल्कको रकम बैक भौचर वा विद्युतिय भुक्तानी मध्ये केन्द्रले सुचित गरे बमाजिम बैक खातामा जम्मा गर्नुपर्नेछ । बैंक खातामा जम्मा भएको रकम फिर्ता गरिने छैन ।

१९. **विदेशी विद्यार्थीको सम्बन्धमा:** विदेशी नागरिकले नेपालमा अध्ययन प्रयोजनको लागि समकक्षता माग गरी निवेदन दिएमा जुन तहको उपाधिको समकक्षता माग गरेको हो सो तहको मात्र प्रमाणपत्रहरू तथा अन्य कागजात निवेदनमा संलग्न गर्नुपर्नेछ । तर विद्यावारिधी अध्ययन प्रयोजनको लागि स्नातक र स्नातकोत्तर दुवै तहको समकक्षता हुनुपर्नेछ ।

२०. **झुट्टा ब्यहोरामा कारवाही गरिने:** कुनै पनि उपाधिको मान्यता तथा समकक्षताको लागि प्रमाणपत्रहरू पेश गर्दा कसैले झुट्टा ब्यहोराको कागज खडा गरी वा ब्यहोरा सच्याई वा अरू कसैको प्रमाणपत्र वा कागजात आफ्नो हो भनी झुक्याई पेश गरेको पाईएमा प्रचलित कानुन बमोजिम कारबाही प्रक्रिया अघि बढाइनेछ ।

२१. **पूर्व निर्णय रद्द गर्ने सम्बन्धमा:** कुनै निवेदकले पेश गरेको प्रमाणपत्रको आधारमा मान्यता वा समकक्षता प्रदान गरेकोमा पछि प्राप्त प्रमाणको आधारमा निजले पेश गरेको विवरण गलत ठहरिएमा वा समकक्षता प्रदान गर्न अपर्याप्त देखिएमा उक्त मान्यता वा समकक्षता पत्र जुनसुकै

त्रि.वि.सभा तथा कार्यकारी परिषद्को सचिवालय

समयमा उपाधि मान्यता तथा समकक्षता निर्धारण समितिले रद्द गर्न सक्नेछ । त्यस्तो अवस्थामा आवेदकलाई सफाईको उचित मौका दिइनेछ ।

२२. **विबरण सच्याउने सम्बन्धमा:** कार्यविधि वमोजिम वा यस अघि प्रदान गरिएका मान्यता. वा समकक्षता पत्र वा स्तर निर्धारणको पत्रमा छपाई सम्बन्धी त्रुटी हुन गएकोमा पत्र बुझेको पैतिस दिन भित्र सच्याई माग्न आएमा सच्याई दिनु पर्नेछ । तर पैतिस दिनपछि सच्याई माग्न आएमा शुल्क लिएर सच्याइदिनु पर्नेछ । विबरण उपलब्ध गराउदा नै त्रुटी गरेको कारण छपाईमा त्रुटी हुनगएमा भने पैतिस दिनभित्र सच्याई माग्न आएमा पनि शुल्क लाग्नेछ तर पत्र नबन्दै त्यस्तो विवरण सच्याएमा भने कुनै शुल्क लाग्नेछैन ।

२३. **अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्ने:** समितिको निर्णयानुसार उपाधि मान्यता तथा समकक्षता निर्धारण समितिले अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्नेछ ।

२४. **कार्यविधिको ब्याख्या:** यस कार्यविधिको व्याख्या गर्ने अधिकार कार्यकारी परिषद्लाई हुनेछ ।

२५. **कार्यविधि संशोधन सम्बन्धी व्यवस्था:** कार्यविधिमा परिमार्जन तथा संशोधन गर्नुपरेमा उपाधि मान्यता तथा समकक्षता निर्धारण समितिको सिफारिसमा प्राज्ञिक परिषद्को स्वीकृतिमा कार्यकारी परिषद्बाट गरिनेछ ।

२६. **खारेजी र बचाउः** (१) उपाधि मान्यता तथा समकक्षता निर्धारण निर्देशिका, २०७६ खारेज गरिएको छ ।

२. उपाधि मान्यता तथा समकक्षता निर्धारण निर्देशिका २०७६ वमोजिम भए गरिएका काम कारवाहीहरू यसै कार्यविधि वमोजिम भए गरिएको मानिनेछ ।

३. यस कार्यविधिले गरेको व्यवस्थासंग बाझिने गरी उपाधि मान्यता तथा समकक्षता निर्धारण निर्देशिका २०७६ वमोजिमका व्यवस्थाहरू एक महिनाभित्र यस कार्यविधि अनुकुल बनाउनु पर्नेछ । उक्त निर्देशिका अन्तरगत परेका निबेदन यसै कार्यविधि बमोजिम निर्णय गर्न बाधा परेको मानिने छैन ।

त्रि.वि.सभा तथा कार्यकारी परिषद्को सचिवालय

अनुसुची १

**Tribhuvan University**
Office of the Rector
**Curriculum Development Center**
Kirtipur, Kathmandu

Application Form for recognition and equivalent of the higher educational Degrees

**Section A**: Personal and Academic Details:

1. Student's Name:
2. Phone Number & email Address:
3. University/College/ with country:
4. Institute/Faculty:
5. Type of University: Government/Public/ Private/ Community
6. Mode of the Study: Face to face (Physical) / Distant/ Private/ online/
7. Course Duration: From 20 ... to 20.....& Total Year /Semester ...
8. Date of Enrollment
9. Date of Award:
10. Total Earned Credits/ Full Marks:

**Section B:** TU Course for Which You are claimining for recognition or equivalent

1. Program and Level:
2. Course/Degree Name:

**Section C**: Details of Previous Study

1. Program and Level:
2. Title of the Degree:
3. Course Duration: From 20.... to 20....
4. Country:

**Section D: Documents to be submitted:**

1. Degree Cerificate & Transcript
2. Degree Cerificate & Transcript of lower level
3. Equivalent letter of lower level if other than TU/ +2 or CTEVT Nepal
4. Passport/VISA if other than Nepal and India
5. Athourize Character Certificate
6. Prospectus of University and syllabus of the course
7. Internship/Logbook
8. Thesis and article, and Plegiarism report thereof (only for PhD and MPhil)
9. Other documents as offerd by the nature of degree and subject

**Section E: Student's Declaration:** I hereby declare that all the details and documents are genuine. I will be liable in case of found false.

Signature:
Date:
Name:
Address:
Village Council/Municipality:
Ward No.
District:
Province:

**Section F: Office Use Only**

Date Received:

Registered No.:

Procedure: Ordinary/ Special

Authorized Signature:

तथा कार्यकारी परिषद्को सचिवालय

## अनुसुची २

## Ph.D./M.Phil. उपाधिकोसमकक्षताको लागि बुझाउनुपर्ने थप कागजातहरु

| शोध कार्य सम्बन्धी | | निर्देशक र सहनिर्देशक सम्बन्धी जानकारी | | Viva सम्बन्धी प्रमाणहरु | |
|---|---|---|---|---|---|
| १ | शोध प्रस्ताव प्रतिरक्षा गरेको प्रमाण र स्वीकृति भएको प्रमाण । | १ | शोध निर्देशक वा सहनिर्देशक सोही विश्वविध्यालयको नियमित प्राध्यापक भएको देखिने कागजात । | १. | Ph.D. को Viva तोकिएको पत्रको छायांप्रति । |
| २ | आवासिय प्रमाण । | २ | शोध निर्देशक वा सहनिर्देशक सोही विश्वविध्यालयको नियमित शिक्षक नभई अवकाश प्राप्त प्राध्यापक भएमा निजलाई सो विश्वविद्यालयले नियुक्ति गरेको पत्र वा सम्झौतापत्र । | २ | Viva लिने वाहृय परिक्षकको नाम र ठेगाना तोकिएको पत्र । |
| ३ | विद्यावारिधि तथा एमफिल तहको शोधपत्रको विधुतिय प्रति र सोको मौलिकता परिक्षण (Plagiarism test) प्रतिवेदन । | ३ | शोध निर्देशक वा सहनिर्देशक सोही विश्वविध्यालयको नियमित शिक्षक नभएमा आफु कार्यरत विश्व विद्यालयबाट अनुमति लिएको पत्र । | ३ | Viva मा शोध निर्देशकको उपस्थिति भएको प्रमाण । |
| ४ | कार्यरत संस्थाको पुर्वस्वीकृति वा स्वीकृति पत्र | ४ | सम्बन्धित निर्देशक वा सहनिर्देशकले Ph.D. उपाधि हासिल गरेको प्रमाण । | ४ | शोधपत्रको सम्बन्धित विश्वविद्यालयबाट प्रमाणित प्रति । |

वि.सभा तथा कार्यकारी परिषद्‌को सचिवालय